राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ वैशाख १२ गते

## भूकम्प पीडितको उचित बसोबासको शीघ्र व्यवस्था गर

२०७२ वैशाख १२ को विनाशकारी भूकम्पबाट पीडितहरूलाई नेपाल सरकारबाट उपलब्ध गराउनुपर्ने राहत समयमै उपलब्ध गराउन नसकेको तथा पुनः निर्माण कार्य र उचित बसोबासको व्यवस्था सम्बन्धमा भैरहेको ढिलाइप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

भूकम्प गएको दुई वर्ष बितिसक्दा पनि अधिकाँश भूकम्प पीडितहरू त्रिपाल तथा अस्थायी टहरामा बस्न बाध्य भएका कारण उनीहरूको जीवन कष्टकर भैरहेको आयोगको अनुगमनबाट पाइएको छ । पीडितहरू गाँस, बास, स्वास्थ्य, शिक्षा, लगायतका न्यूनतम मानव अधिकारको उपभोगबाट वञ्चित भएको, कतिपय वास्तविक पीडितहरुको पहिचान हुन नसकेको तथा उनीहरूले राहत प्राप्त गर्न नसकेको, विद्यालय, अस्पताल, साँस्कृतिक संरचना लगायतका सार्वजनिक संरचनाहरूको पुनः निर्माण कार्यमा ढिलाइ भैरहेको पाइएको छ ।

आयोगले भूकम्प अति प्रभावित जिल्लाहरूका अस्पताल, विद्यालय, क्षतिग्रस्त घर तथा संरचनाहरुको अनुगमन गरी प्राप्त तथ्यको आधारमा तत्कालै स्थानीय प्रशासनको ध्यानार्कषणसमेत गराएको थियो । अनुगमनबाट प्राप्त तथ्यको आधारमा अन्तिम प्रतिवेदन तयार गरी सुधार गर्नुपर्ने पक्षमा आयोगले नेपाल सरकारलाई ३४, राजनीतिक दललाई ३, गैरसरकारी संस्थालाई ३, नागरिक समाजलाई ३ र सबैलाई १ गरी जम्मा ४४ वटा सिफारिश गत वर्ष नै गरिसकेको छ । ती सिफारिशहरूको यथोचित संबोधन गर्न आयोग पुनः आग्रह गर्दछ ।

भूकम्प लगायत प्राकृतिक प्रकोपबाट प्रभावित हुन पुगेका तथा जोखिममा परेका नागरिकहरूको अधिकार रक्षार्थ नेपाल सरकारले उपलब्ध गराउँने राहतलाई व्यवस्थित तवरले शीघ्रातिशीघ्र रूपमा उपलब्ध गराउँने व्यवस्था मिलाउनसमेत आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org